ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय
नेपाल सरकार
२०७४

# विद्युत् विकास विभागको

# महाशाखा/शाखाहरूको कार्यविवरण

| महाशाखा/शाखा | कार्यविवरण |
| --- | --- |
| १.आयोजना अध्ययन तथा वातावरण महाशाखा | • नदी बेसिनहरूको जलस्रोत सम्बन्धी योजनाहरूको सर्वेक्षण एवम् अध्ययन र जलविद्युत् तथा बहुउद्देशीय आयोजनाहरूको छनौट, सर्वेक्षण तथा पूर्व संभाव्यता अध्ययन कार्यहरूको समन्वय तथा सुपरिवेक्षण कार्यका साथै तत्सम्बन्धी सम्पूर्ण व्यवस्थापन कार्य गर्ने/गराउने।<br>• नेपाल सरकारको लगानीका कार्यान्वयनको लागि छनौट भएका आयोजनाहरूको अध्ययन तथा कार्यान्वयन योजना तर्जुमा गर्ने/गराउने।<br>• राष्ट्रिय विद्युत् मागको प्रक्षेपण गर्ने/गराउने।<br>• विद्युत् विकासमा सौर्य, ताप एवम् वायु शक्ति यथोचित विकास गर्ने/गराउने।<br>• बैदेशिक सहायता जुटाउने कार्यका लागि आवश्यक अध्ययन एवम् प्रस्ताव तयार गर्ने कार्य गर्ने/गराउने।<br>• विद्युत् आदान प्रदान गर्नका लागि आवश्यक प्राविधिक अध्ययन एव विश्लेषण सम्बन्धी कार्य गर्ने/गराउने<br>• प्रशारण लाइन गुरुयोजना बनाई अध्यावधिक राख्ने ।<br>• विद्युत् मागको प्रक्षेपण र विद्युत् उत्पादन प्रशारण तथा वितरणको दीर्घकालीन र अल्पकालीन योजनाहरूको सम्बन्धमा गरीएका प्राविधिक अध्ययनहरूको समिक्षा तथा विश्लेषण गरी आवश्यक सिफारिस/सुझाव तयार गरी राख्ने।<br>• विद्युत् आदान प्रदान गर्नका लागि व्यवस्थापकीय आवश्यक कार्य गर्ने/गराउने।<br>• विद्युत् उत्पादन तथा प्रसारण आयोजनाहरूका वातावरणीय प्रभाव मूल्याङ्कन, प्रारम्भिक वातावरणीय परिक्षणका क्षेत्र निर्धारण प्रतिवेदन र/वा कार्यसूची (Scoping Document and/or Terms of References) सहितका प्रतिवेदनहरूको पुनरावलोकन गरी स्वीकृतिको लागि आवश्यक सुझाब सहित ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालयमा सिफारिस गर्ने, जलवायु परिवर्तनबाट जलविद्युत् आयोजनाहरूमा पर्ने असरहरूको अध्ययन गर्ने, विद्युत् विकासमा हालसम्मका प्रविधिहरूका अनुसन्धानका विषयमा अध्ययन गरी नेपालको परिप्रेक्ष्यमा त्यस्को सान्दर्भिकता विषयमा सिफारिस पेश गर्ने। |

रुद्रसिंह तामाङ
सहसचिव

सरिता दवाडी
सचिव

ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय
नेपाल सरकार
२०७८

| | |
|---|---|
| | • आवश्यकतानुसार सम्बन्धित विषयमा हुने सभा, गोष्ठि तथा सेमिनारमा भाग लिने।<br>• अधिनस्थ कर्मचारीहरूको काममा मार्ग दर्शक बनी कर्मचारीहरूलाई सुपरिवेक्षण आवश्कतानुसार निर्देशन र नियन्त्रण गर्ने।<br>• प्रत्यायोजित अधिकार बमोजिम खर्चको निकासा दिने र अन्य कार्यहरू गर्ने।<br>• प्रत्यायोजित अधिकार बमोजिम अधिनस्थ कर्मचारीहरूको कार्य सम्पादन मूल्याङ्कन तयार गर्ने, प्रोत्साही पुरस्कार, सरुवा, वढुवा तथा आवश्यक कारवाही गर्ने वा गर्न सिफारिस सहित सुपरिवेक्षकसमक्ष पेश गर्ने।<br>• प्रत्यायोजित अधिकार बमोजिम टेण्डर आव्हान गर्ने र शर्त अनुसारको कार्य भए नभएका अनुगमन गर्ने, शर्त बमोजिम कार्य नभएमा कारवाहीको लागि राय सहित पेश गर्ने। |
| १.१ आयोजना अध्ययन शाखा | • जलविद्युत् आयोजनाहरूको पहिचान तथा सर्वेक्षण गर्ने/गराउने, पूर्व सम्भाव्यता अध्ययन गर्ने/गराउने, सम्भाव्यता अध्ययन गर्ने/गराउने, सामाजिक आर्थिक रूपमा viable र प्रतिफलदायी विद्युत् आयोजनाहरूको गरी Project Bank तयार गर्ने, वहुउद्देश्यीय आयोजनाहरूलाई प्राथमिकताको आधारमा छनौट गरी अध्ययन अनुसन्धान गर्ने, क्रसबोर्डर विद्युत् प्रसारण लाइन पहिचान, विस्तार एवम् समन्वयको कार्य गर्ने र गराउने।<br>• पम्प स्टोरेज आयोजनाहरूको अध्ययन अनुसन्धान तथा विकास सम्बन्धी कार्यहरू।<br>• योजना कार्यान्वयनको लागि आवश्यक पर्ने पूर्वाधारहरूको सम्भाव्यता अध्ययन गरी प्रतिवेदन तयार गर्ने/गराउने, विद्युत् आयोजनाहरूको डिजाइन गर्ने/गराउने, विस्तृत इन्जिनियरिङ डिजाइन गर्ने/गराउने, विद्युत् आयोजनाहरूको विस्तृत इन्जिनियरिङ डिजाइन गराउने कार्यका लागि प्रक्रिया प्रारम्भ गर्ने, ToR तयार गर्ने र ठेक्का पट्टा गरी सम्झौता गर्ने/गराउने।<br>• परामर्शदातृ संस्थाबाट प्राप्त प्रतिवेदनहरू अध्ययन गरी राय सुझाव दिने, विभागबाट निर्माण हुने आयोजनाहरूको लागि विशेषज्ञ सेवा उपलब्ध गराउने, ज.बि.आ तथा वहुउद्देश्यीय आयोजनाहरू सम्बन्धी (Research and Development) अनुसन्धान गरी नयाँ प्रविधि विकास गर्ने।<br>• अध्ययन भैरहेका ज.वि.आ. तथा प्रसारण लाइन आयोजनाहरूको अध्ययन गरी प्राविधिक पक्षमा (Optimization, Hydrology आदि) मा राय सुझाव दिने, ज.वि.आ. हरूको डिजाइनको सहजता, एकरूपता र गुणस्तरको लागि विभिन्न Design Guideline तयार गरी update गर्ने/गराउन, नेपाल सरकारको लगानीमा निर्माण भैरहेको तथा |

रुद्रसिंह तामाङ
सहसचिव

सरिता दवाडी
सचिव

ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय
नेपाल सरकार
२०७४

| | |
|---|---|
| | प्रस्तावित ज.वि.आ. तथा वहुउद्देश्यीय आयोजनाहरू हरूमा प्राविधिक सुझाव दिन Panel of Experts गठनको लागि प्राविधिक जनशक्ति उपलब्ध गराउने, आयोजना तर्जुमा तथा अध्ययन महाशाखाले तयार गरेका आयोजनाहरूको सम्भावना र वातावरणीय अध्ययनको आधारमा विस्तृत इन्जिनियरिङ डिजाइन सम्पन्न गरी आयोजनाको सम्भाव्य Implementation/ Investment Modality हरू अध्ययन गरी Project Proposal गर्ने, राष्ट्रिय ग्रीड तथा प्रसारण लाइनको सम्भाव्यता अध्ययन गर्ने र गराउने।<br>• हरित हाइड्रोजन ऊर्जा अध्ययन अनुसन्धान तथा विकास सम्बन्धी कार्यहरू। |
| १.२ भौगर्भिक अध्ययन शाखा | • जलविद्युत् आयोजनाको विभिन्न चरणको इन्जिनियरिङ तथा भौगर्भिक सर्वेक्षण कार्य गर्ने/गराउने।<br>• विद्युत् आयोजनाको संरचनाहरूको इन्जिनियरिङ जियोलोजिकल नक्सा तयार गर्ने/गराउने।<br>• भौगर्भिक सर्वेक्षण तथा प्राप्त तथ्यांकहरूको विश्लेषण गरी आयोजना स्थलको इन्जिनियरिङ जियोलोजीको दृष्टिकोणबाट प्रतिवेदन तयार गर्ने/गराउने, विस्तृत इन्जिनियरिङ जियोलोजी सर्वेक्षण र प्रतिवेदन तयार गर्ने गर्ने/गराउने।<br>• जलविद्युत आयोजनाहरूको भौगर्भिक सम्बन्धी पारामिटरसहरू निकाल्ने।<br>• आयोजनको डिजाईनमा भौगर्भिक सम्बन्धी कार्यको लागि Input दिने। |
| १.३ जलविज्ञान शाखा | • जलविद्युत आयोजनाहरूको जलबिज्ञान सम्बन्धी तथ्यांक संकलन गर्ने/गराउने।<br>• जलबिज्ञान सम्बन्धी तथ्यांक हरूको बिष्लेषण गर्ने/गराउने।<br>• जलविद्युत आयोजनाहरूको जलबिज्ञान सम्बन्धी पारामिटरसहरू निकाल्ने।<br>• Sediment सम्बन्धी तथ्यांक संकलन गर्ने/गराउने।<br>• Sediment सम्बन्धी तथ्यांकहरूको बिषलेशण गर्ने/गराउने।<br>• जलविद्युत आयोजनाहरूको Sediment सम्बन्धी पारामिटरहरू निकाल्ने।<br>• आयोजनको डिजाईनमा Sediment सम्बन्धी कार्यको लागि Input दिने। |
| १.४ डिजाइन तथा गुणस्तर पुनरावलोकन शाखा | • सर्वेक्षण अनुमतिप्राप्त आयोजनाहरूको अनुमतिपत्र नवीकरणको लागि प्राप्त प्रस्तावहरूको मूल्याङ्कन गरी नवीकरणको लागि सिफारिस गर्ने।<br>• सर्वेक्षण अनुमतिप्राप्त आयोजनाहरूलाई कानूनबमोजिम विदेशी विनिमय सिफारिस लगायत अन्य सुविधाहरू उपलब्ध गराउने।<br>• विद्युत् आयोजनाहरूको डिजाइन परिवर्तनको लागि प्राप्त प्रस्तावहरूको आवश्यक मूल्याङ्कन गरी सहमतिको लागि सिफारिस गर्ने। |

रुद्रसिंह तामाङ
सहसचिव

सरिता दवाडी
सचिव

नेपाल सरकार
ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय
२०७४

| | |
|---|---|
| | • आयोजनाहरूको सर्वेक्षण तथा अध्ययन कार्यमा एकरूपता तथा गुणस्तर कायम गर्न आवश्यक अनुगमन तथा निरिक्षण गर्ने एवम् आवश्यक मापदण्ड सिफारिस गर्ने।<br>• अध्ययनको क्रममा रहेका आयोजनाहरू तथा अन्य आयोजनाहरूको बीचमा आवश्यक समन्वय कायम गराउने, विद्युत् उत्पादनको सर्वेक्षण अनुमतिपत्र नविकरण,संशोधन तथा विद्युत् उत्पादन अनुमतिपत्र संशोधन बापत कानुन बमोजिम दस्तुर उठाउने। |
| १.५ वातावरण शाखा | • जलविद्युत् उत्पादन तथा प्रसारण आयोजनाहरूका संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदनहरूको पुनरावलोकन गरी स्वीकृतिको लागि आवश्यक सुझाब सहित ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयमा सिफारिस गर्ने।<br>• सार्वजनिक सुनुवाइमा आवश्यकता अनुसार सहभागी भई आयोजना तथा वातावरण प्रभाव सम्बन्धमा सुसुचित गर्ने/ गराउने।<br>• विद्युत् उत्पादन तथा प्रसारण आयोजनाहरूका प्रारम्भिक वातावरणीय परीक्षणको कार्यसूची (Terms of Reference) सहितका प्रतिवेदनहरूको पुनरावलोकन गरी स्वीकृतिको लागि आवश्यक सुझाव सहित ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयमा सिफारिस गर्ने, जलवायु परिवर्तनबाट जलविद्युत् आयोजनाहरूमा पर्ने असरहरूको अध्ययन गर्ने, विद्युत् विकासमा हालसम्मका प्रविधिहरूका अनुसन्धानका विषयमा अध्ययन गरी नेपालको परिप्रेक्ष्यमा त्यस्को सान्दर्भिकता सन्दर्भमा सिफारिस पेश गर्ने।<br>• प्रारम्भिक वातावरणीय परिक्षण (IEE) स्वीकृत भएको विद्युत् आयोजनाहरूको अनुमतिपत्र बमोजिम प्राकृतिक स्रोत (जल, सौर्य, वायु आदि) को उपयोग भए नभएको स्थलगत निरीक्षण गर्ने, आयोजनाका संरचनाहरूको निर्माण, संचालन र सम्भार कार्य नियमित तथा स्तरीय भए नभएको तथा वातावरणमा प्रतिकूल असर पारे नपारेको सम्बन्धी निरीक्षण गर्ने।<br>• विद्युत् उत्पादन तथा प्रसारण आयोजनाहरूका वातावरणीय प्रभाव मल्याङ्कन क्षेत्र निर्धारण प्रतिवेदन एवम् कार्यसुची (Scoping Document & Term of Reference) सहितका प्रतिवेदनहरूको पुनरावलोकन गरी स्वीकृतिको लागि आवश्यक सुझाब सहित ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयमा सिफारिस गर्ने, जलवायु परिवर्तनबाट जलविद्युत् आयोजनाहरूमा पर्ने असरहरूको अध्ययन गर्ने, विद्युत् विकासमा हालसम्मका प्रविधिहरूका अनुसन्धानका विषयमा अध्ययन गरी नेपालको परिप्रेक्ष्यमा त्यसको सान्दर्भिकता सन्दर्भमा सिफारिस पेश गर्ने।<br>• वातावरण प्रभाव मूल्याङ्कन (EIA) स्वीकृत भएका विद्युत् आयोजनाको अनुमतिपत्र बमोजिम प्राकृतिक स्रोत (जल, सौर्य, वायु आदि) को उपयोग भए नभएको स्थलगत |

रुद्रसिंह तामाङ
सहसचिव

सरिता दवाडी
सचिव

नेपाल सरकार
ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय
२०७४

| | |
|---|---|
| | निरीक्षण गर्ने, आयोजनाका संरचनाहरूको निर्माण, संचालन र सम्भार कार्य नियमित तथा स्तरीय भए नभएको तथा वातावरणमा प्रतिकूल असर पारे नपारेको सम्बन्धी निरीक्षण गर्ने।<br>सार्वजनिक सुनुवाइमा आवश्यकता अनुसार सहभागी भई आयोजना तथा वातावरण प्रभाव सम्बन्धमा सुसुचित गर्ने/ गराउने। |
| २. अनुमतिपत्र महाशाखा | • निजि क्षेत्रबाट प्रवर्द्धन हुने विद्युत आयोजनाहरूको अनुमतिपत्र प्रदान गर्ने।<br>• विद्युत् विकासमा संलग्न हुने निजी क्षेत्रका उद्यमीहरूबाट प्राप्त प्रस्तावहरूको स्थलगत लगायत प्राविधिक, आर्थिक वातावरणीय अध्ययन तथा मूल्याकन गर्ने/गराउने, सार्वजनिक निजी क्षेत्रबाट जलविद्युत् आयोजनाको विकास र यसको प्रवर्द्धन गर्ने तथा यसको लागि आवश्यक प्रचार प्रसार गर्ने/गराउने, निजी क्षेत्र सँग नेपाल सरकारले गर्नु पर्ने विभिन्न सम्झौता आदिमा अध्ययन गरी त्यसको प्रारूप तयार गर्ने/गराउने, विद्युत् आयोजनाहरूको सर्वेक्षण तथा अध्ययनमा गुणस्तर तथा एकरूपता कायम गर्न आवश्यक चेकलिष्ट, म्यानुअल गाइडलाइन आदि तयार गर्ने/गराउने।<br>• निजी क्षेत्रबाट संचालित आयोजनाको अनुगमन गर्ने, उल्लेखित कार्यहरूको वार्षिक कार्यक्रम तथा बजेट तर्जुमा गरी स्वीकृतिको लागि सुपरिवेक्षक समक्ष पेश गर्ने, उल्लेखित कार्यहरूको कार्य प्रगति प्रतिवेदन तयार गरी सुपरीवेक्षकमा पेश गर्ने।<br>• अन्तर प्रादेशिक विद्युत् सम्बन्धी निकायबिच समन्वयको भूमिका निर्वाह गर्ने।<br>• आवश्यकताअनुसार सम्बन्धित विषयमा हुने सभा, गोष्ठी तथा सेमिनारमा भाग लिने।<br>• अधिनस्थ कर्मचारीहरूको काममा मार्ग दर्शक बनी कर्मचारीहरूलाई सुपरिवेक्षण आवश्कतानुसार निर्देशन र नियन्त्रण गर्ने। |
| २.१ सर्वेक्षण अनुमतिपत्र शाखा | • जलविद्युत् आयोजनाहरूको सर्वेक्षण तथा सम्भाव्यता अध्ययनमा संलग्न हुन चाहने प्रवर्द्धकहरूबाट पेश भएका प्रस्तावहरूको प्रारम्भिक मूल्यांकन गरी अनुमतिपत्रका लागि सिफारिस गर्ने,<br>• उपलब्ध प्रारम्भिक विवरणहरूका आधारमा आयोजनाको सम्भाव्य जडित क्षमता तथा आवश्यक सर्वेक्षण क्षेत्रको निर्धारणका लागि सिफारिस गर्ने,<br>• सर्वेक्षणको लागि प्रस्तावित तथा अन्य संचालनरत, निर्माणाधीन तथा सर्वेक्षण अनुमतिप्राप्त लगायत आयोजनाहरूको बीचमा आवश्यक समन्वय कायम गराउन पहल गर्ने, सर्वेक्षण अनुमतिपत्र बापत कानुन बमोजिम दस्तुर उठाउने। |

रुद्रसिंह तामाङ
सहसचिव

सरिता दवाडी
सचिव

नेपाल सरकार
ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय
२०७८

| | |
|---|---|
| २.२ उत्पादन अनुमतिपत्र शाखा | • सर्वेक्षण अनुमतिपत्र लिएका तथा जलविद्युत् आयोजना निर्माण गर्न चाहने प्रवर्द्धकहरूबाट प्राप्त प्राविधिक,आर्थिक तथा वातावरणीय पक्षहरूको मूल्यांकन गरी अनुमतिपत्रको लागि सिफारिस गर्ने,<br>• निर्माणको लागि प्रस्तावित तथा अन्य आयोजनाहरूको बीचमा आवश्यक समन्वय प्रदान गर्ने,<br>• विद्युत् उत्पादन अनुमतिपत्र बापत कानुन बमोजिम दस्तुर उठाउने। |
| २.३ प्रसारण लाइन तथा विद्युत व्यापार अनुमतिपत्र शाखा | • विद्युत् आयोजनाहरूको लागि प्रसारण लाइनको सर्वेक्षण,प्रसारण लाइनको निर्माण तथा विद्युत् वितरणको लागि प्राप्त प्रस्तावहरूको आवश्यक मूल्याङ्कन गरी अनुमतिपत्रको लागि सिफारिस गर्ने।<br>• प्रसारण लाइन आयोजनाहरूको अध्ययनको प्रगतिको मूल्याङ्कन तथा आवश्यक गुणस्तर कायम गर्ने।<br>• प्रसारण लाइन आयोजनाहरूको सर्वेक्षण, निर्माण तथा विद्युत् वितरणको लागि प्रस्ताव पेश गर्ने प्रवर्द्धक तथा अन्य आयोजनाहरूको बीचमा आवश्यक समन्वय प्रदान गर्ने, प्रसारण लाइनको सर्वेक्षण, निर्माण तथा विद्युत् वितरण अनुमतिपत्र बापत कानुन बमोजिम दस्तुर उठाउने। |
| २.४ आयोजना विकास सम्झौता शाखा | • द्विपक्षीय ऊर्जा तथा जलस्रोत सम्बन्धी आयोजनासँग सम्बन्धित सबै जल उपयोग, लागत, फाईदा र अन्य तथ्यांक एवम् सूचना अद्यावधिक गरी डिजिटल रूपमा समेत दुरुस्त राख्ने, अन्तरराष्ट्रिय स्तरमा सम्पन्न भएका जलविद्युत् सँग सम्बन्धित विभिन्न सन्धि, सम्झौता तथा समझदारीहरूको सम्बन्धमा मन्त्रालयबाट निर्देशन भई आए बमोजिमका कार्यहरू गर्ने, दिपक्षीय एवम् बहुपक्षीय रूपमा संचालन भएका जलविद्युत् सँग सम्बन्धित आयोजनाहरूको कार्यान्वयन गर्ने।<br>• आयोजना विकास सम्झौता गर्न प्रारम्भिक चरणका कार्यहरू गर्ने र सम्झौता गर्न मन्त्रालयलाई सिफारिस गर्ने।<br>• नेपाल सरकारले जलविद्युत् आयोजना विकासका लागि स्वदेशी तथा विदेशी प्रवर्द्धकहरू सँग गरेको आयोजना विकास सम्झौताहरू ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयको निर्देशानुसार कार्यन्वयन गर्ने।<br>• विद्युत् विकास बिभागमा आवश्यक पर्ने बैदेशिक सहायताका क्षेत्रहरू पहिचान गर्ने, सम्भाव्य सहायताका स्रोतहरू पहिचान गर्ने तथा सहायताको लागि सम्बन्धित निकायमा माग पठाउने। |

रुद्रसिंह तामाङ
सहसचिव

सरिता दवाडी
सचिव

| | |
|---|---|
| | • विभाग अन्तर्गत संचालित आयोजनाहरूको योजना तयारीमा सहजीकरण र अनुगमन गर्ने। |
| २.५ नवीकरणीय ऊर्जा शाखा | • जलविद्युत् बाहेकका अन्य ऊर्जा आयोजनाहरू सौर्य, वायु, वायोमास आदिको सर्वेक्षण तथा उत्पादनको लागि प्राप्त प्रस्तावहरूको प्राविधिक,आर्थिक तथा वातावरणीय पक्षहरूको मूल्याङ्कन गरी अनुमातिपत्रका लागि सिफारिस गर्ने।<br>• वैकल्पिक ऊर्जा सम्बन्धमा निजी क्षेत्रसँग नेपाल सरकारले गर्नुपर्ने विभिन्न सम्झौताहरूको प्रारूप तयार गरी सिफारिस गर्ने। |
| ३. योजना, अनुगमन तथा समन्वय महाशाखा | • विद्युत् उत्पादन, प्रशारण तथा वितरणको दीर्घकालीन तथा अल्पकालीन योजनाहरू तयार गर्ने र गराउने, यसै क्रममा सम्भाव्यता अध्ययनको अन्तिम प्रतिवेदनको आधारमा सम्भाव्य देखिएका आयोजनाहरूको कार्यान्वयन पथ निर्धारण गर्ने र गराउने, विभागको बार्षिक कार्यक्रम र बजेट तयार गर्ने, विभागको मासिक र त्रैमासिक प्रगति विवरण तयार गरी सम्बन्धित निकायहरूमा पठाउने, विभागबाट सम्पादन हुने कार्यहरूको कार्य प्रगतिको अनुगमन गर्ने।<br>• योजना प्रवर्द्धन सम्बन्धी विश्लेषण गर्ने, निजी एवम् वैदेशिक लगानी भएका विद्युत् सम्बन्धी आयोजनाको विषयमा नेपाल सरकारले गर्नुपर्ने विभिन्न सम्झौता आदिको अध्ययन गरी त्यसको प्रारूप तयार गर्ने, निजीक्षेत्रको सहभागितामा सञ्चालन हुने जलविद्युत् आयोजना कार्यान्वयनमा आवश्यकता अनुसार प्राविधिक सहायता उपलब्ध गराउने, निजी उद्यमीहरू र नेपाल विद्युत् प्राधिकरणवीच समन्वय गर्ने।<br>• अनुमतिपत्र बमोजिम प्राकृतिक स्रोत (जल, सौर्य, वायु आदि) को उपयोग भए नभएको स्थलगत निरीक्षण गर्ने, आयोजनाका संरचनाहरूको निर्माण, संचालन र सम्भार कार्य नियमित तथा स्तरीय भए नभएको तथा वातावरणमा प्रतिकूल असर पारे नपारेको सम्बन्धी निरीक्षण गर्ने।<br>• अनुमतिपत्र बमोजिम प्रशारणलाइनको कार्य भए नभएको स्थलगत निरीक्षण गर्ने।<br>• प्रशारणलाइनको निर्माण, संचालन र सम्भार कार्य नियमित तथा स्तरीय भए नभएको तथा वातावरणमा प्रतिकूल असर पारे नपारेको सम्बन्धी निरीक्षण गर्ने। |
| ३.१ योजना, कार्यक्रम तथा समन्वय शाखा | • विद्युत् उत्पादन, प्रशारण तथा वितरणको दीर्घकालीन तथा अल्पकालीन योजनाहरू तयार गर्ने र गराउने, यसै क्रममा सम्भाव्यता अध्ययनको अन्तिम प्रतिवेदनको आधारमा सम्भाव्य देखिएका आयोजनाहरूको कार्यान्वयन पथ निर्धारण गर्ने र गराउने, विभागको बार्षिक कार्यक्रम र बजेट तयार गर्ने, विभागको मासिक र त्रैमासिक प्रगति विवरण तयार गरी सम्बन्धित निकायहरूमा पठाउने, विभागबाट सम्पादन हुने कार्यहरूको कार्य |

रुद्रसिंह तामाङ
सहसचिव

सरिता दवाडी
सचिव

ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय
नेपाल सरकार
२०७४

| | |
|---|---|
| | प्रगतिको अनुगमन गर्ने, विभाग अन्तर्गत कार्यन्वयनमा रहेका अध्ययन तथा निर्माणको चरणमा रहेका योजनाहरूको अनुगमन गरी प्रतिवेदन तयार गरी विभागमा पेश गर्ने। |
| ३.२ उत्पादन अनुगमन शाखा | • अनुमतिपत्र बमोजिम प्राकृतिक स्रोत (जल, सौर्य, वायु आदि) को उपयोग भए नभएको स्थलगत निरीक्षण गर्ने, आयोजनाका संरचनाहरूको निर्माण, संचालन र सम्भार कार्य नियमित तथा स्तरीय भए नभएको तथा वातावरणमा प्रतिकूल असर पारे नपारेको सम्बन्धी निरीक्षण गर्ने।<br>• अनुमतिपत्र खारेज गर्ने तथा दण्ड सजाय सम्बन्धमा अध्ययन गरी सुझाब दिने, विद्युत् संरचनाहरूमा हुने दुर्घटना सम्बन्धी जाँचबुझका सम्पूर्ण कार्यहरू गर्ने र गराउने, विद्युत् उत्पादन, प्रसारण र वितरण गरीरहेका संस्थाहरूको महसुल तथा अन्य दस्तुर सम्बन्धमा विद्युत् ऐन वमोजिम भए-नभएको निरीक्षण गर्ने।<br>• अनुमति पत्रको अवधि सकिएपछि नेपाल सरकारलाई हस्तान्तरण भई आउने आयोजनाहरूको स्वामित्व तथा सम्पत्ति व्यवस्थापनको लागि आवश्यक निर्देशिका/मापदण्ड निर्माण सम्बन्धी कार्यहरू गर्ने। |
| ३.३ प्रशारण अनुगमन शाखा | • अनुमतिपत्र बमोजिम प्रशारणलाइनको कार्य भए नभएको स्थलगत निरीक्षण गर्ने।<br>• प्रशारणलाइनको निर्माण, संचालन र सम्भार कार्य नियमित तथा स्तरीय भए नभएको तथा वातावरणमा प्रतिकूल असर पारे नपारेको सम्बन्धी निरीक्षण गर्ने।<br>• अनुमतिपत्र खारेज गर्ने तथा दण्ड सजाय सम्बन्धमा अध्ययन गरी सुझाब दिने प्रशारणलाइनमा हुने दुर्घटना सम्बन्धी जाँचबुझका सम्पूर्ण कार्यहरू गर्ने र गराउने, विद्युत् प्रसारण गरीरहेका संस्थाहरूको कार्य विद्युत् ऐन वमोजिम भए-नभएको निरीक्षण गर्ने। |
| ४. सुविधा सिफारिस महाशाखा | • विद्युत् सम्बन्धी दुर्घटना र त्यस सम्बन्धी जाँचबुझका सम्पूर्ण कार्यहरू गर्ने/गराउने।<br>• प्रचलित विद्युत् ऐन तथा आर्थिक ऐन बमोजिम भन्सार महशुल तथा मू.अ.क. सुविधा सिफारिस गर्ने।<br>• विद्युत् आयोजना, प्रशारण लाइन तथा सो सँग सम्बन्धीत अन्य संरचना निर्माण, सञ्चालन एवम् मर्मत संभारका लागि आवश्यक विदेशी विनिमय सुविधा सिफारिस गर्ने।<br>• विद्युत् आयोजना, प्रशारण लाइन तथा सो सँग सम्बन्धीत अन्य संरचना निर्माणको लागि आवश्यक विष्फोटक पदार्थ आयात स्वीकृती सिफारिस एवम् विष्फोटक पदार्थ ढुवानीकर्ताको परिचयपत्र सम्बन्धी सिफरिस गर्ने। |

रुद्रसिंह तामाङ
सहसचिव

सरिता दवाडी
सचिव

| | |
|---|---|
| | • विद्युत् आयोजना, प्रशारण लाइन तथा सो सँग सम्बन्धीत अन्य संरचना निर्माण, सञ्चालन एवम् मर्मत संभारका लागि आवश्यक विदेशी नागरीकको गैर पर्यटकीय भिसा तथा श्रम स्वीकृती सिफारिसको लागि अध्ययन गरी सुझावदिने।<br>• विद्युत् आयोजना निर्माण एवम् सञ्चालनका लागि आवश्यक संचार सुविधा सिफारिस गर्ने।<br>• प्रचलित विद्युत् ऐन बमोजिम जलविद्युत् आयोजनाका क्षमता तथा ईनर्जी बापतको रोयल्टी संकलन गर्ने र प्रचलित ऐन नियम बमोजिम वितरण सम्बन्धी कार्य गर्ने।<br>• आवश्यकता अनुसार सम्बन्धीत विषयमा हुने सभा गोष्ठि तथा सेमिनारमा भाग लिने, अधिनस्थ कर्मचारीहरूको काममा मार्ग दर्शक बनी कर्मचारीहरूलाई आवश्यकतानुसार सुपरिवेक्षण निर्देशन र नियन्त्रण गर्ने, समसामयिक नीति, ऐन, नियम आदि बनाउन मन्त्रालयलाई राय सुझाव दिने।<br>• विद्युत् उत्पादन तथा प्रसारण आयोजनाहरूका वातावरणीय प्रभाव मूल्याङ्कन, प्रारम्भिक वातावरणीय परिक्षणका क्षेत्र निर्धारण प्रतिवेदन र/वा कार्यसूची (Scoping Document and/or Terms of References) सहितका प्रतिवेदनहरूको पुनरावलोकन गरी स्वीकृतिको लागि आवश्यक सुझाब सहित ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयमा सिफारिस गर्ने, जलवायु परिवर्तनबाट जलविद्युत् आयोजनाहरूमा पर्ने असरहरूको अध्ययन गर्ने, विद्युत् विकासमा हालसम्मका प्रविधिहरूका अनुसन्धानका विषयमा अध्ययन गरी नेपालको परिप्रेक्ष्यमा त्यस्को सान्दर्भिकता विषयमा सिफारिस पेश गर्ने। |
| ४.१ सुविधा सिफारिस शाखा | • प्रचलित विद्युत् ऐन तथा आर्थिक ऐन बमोजिम भन्सार महशुल तथा मू.अ.क. सुविधा सिफारिस गर्ने।<br>• विद्युत् आयोजना, प्रशारण लाइन तथा सो सँग सम्बन्धीत अन्य संरचना निर्माण, सञ्चालन एवम् मर्मत संभारका लागि आवश्यक विदेशी विनिमय सुविधा सिफारिस गर्ने।<br>• विद्युत् आयोजना, प्रशारण लाइन तथा सो सँग सम्बन्धीत अन्य संरचना निर्माणको लागि आवश्यक विष्फोटक पदार्थ आयात स्वीकृती सिफारिस एवम् विष्फोटक पदार्थ ढुवानीकर्ताको परिचयपत्र सम्बन्धी सिफरिस गर्ने।<br>• विद्युत् आयोजना निर्माण एवम् सञ्चालनका लागि आवश्यक संचार सुविधा सिफारिस गर्ने,<br>• प्रचलित कानून बमोजिम सार्वजनिक तथा निजीक्षेत्रलाई प्रदान गरीने सेवा सुविधा र सहुलियत सम्बन्धी कार्यहरू गर्ने, समसामयिक नीति, ऐन, नियम आदि बनाउन सल्लाह र सुझाव दिने। |

रुद्रसिंह तामाङ
सहसचिव

सरिता दवाडी
सचिव

| | |
|---|---|
| ४.२ रोयल्टी तथा विद्युत् प्रणाली व्यवस्थापन शाखा | • विद्युत् सेवाको स्तर र विद्युत् उत्पादन, प्रसारण एवम् वितरणमा उपयोग हुने सामानहरूको स्तर एवम् उपयोगको तरिकाबारे निर्देशिका तयार गर्ने/गराउने र सो बमोजिम भए नभएको निरीक्षण गर्ने, विद्युत् सेवालाई स्तरीय एवम् सुरक्षायुक्त बनाउने कार्यहरू गराउने, उत्पादन, प्रसारण र वितरण गरीने विद्युत्को गुणस्तर निरीक्षण गर्ने, यसका लागि विद्युत्को भोल्टेज तथा अन्य प्राविधिक कुराहरूको पालना भए नभएको निरीक्षण गर्ने।<br>• विद्युत् उत्पादन केन्द्र, प्रसारण लाइन, रुपान्तरण केन्द्र, उपकेन्द्र, वितरण लाइन वा विद्युत्सँग सम्बन्धित कुनै संरचनाको सुरक्षाको मापदण्ड तोक्ने र सो बमोजिम गर्ने/गराउने, विद्युत् सम्बन्धी दुर्घटना र त्यस सम्बन्धी जाँचबुझका सम्पूर्ण कार्यहरू गर्ने/गराउने, सञ्चालनमा आइसकेका विद्युत् आयोजनाहरूको समय समयमा निरीक्षण गर्ने,<br>• रोयल्टी संकलन तथा बाँडफाँट गर्ने, र सो को अभिलेख राख्ने, विद्युत् संरचनाहरूमा हुने दुर्घटना सम्बन्धी जाँचबुझका कार्यहरू गर्ने।<br>• प्रचलित कानून बमोजिम सार्वजनिक तथा निजीक्षेत्रलाई प्रदान गरीने सेवा सुविधा र सहुलियत सम्बन्धी कार्यहरू गर्ने, समसामयिक नीति, ऐन, नियम आदि बनाउन सल्लाह र सुझाव दिने। |
| ४.३ इलेक्ट्रोमेकानिकल शाखा | • जलविद्युत आयोजनाहरूको इलेक्ट्रोमेकानिकल सम्बन्धी तथ्यांक संकलन गर्ने/गराउने।<br>• इलेक्ट्रोमेकानिकल डिजाईन गर्ने/गराउने।<br>• इलेक्ट्रोमेकानिकल डिजाईनसँग सम्बन्धित प्रतिवेदन हरूको पुनरालोकन गर्ने/गराउने।<br>• आयोजनको डिजाईनमा इलेक्ट्रोमेकानिकल सम्बन्धी कार्यको लागि Input दिने। |
| ५. प्रशासन शाखा | क) व्यवस्थापकीय कार्य<br>• विभागको आवश्यक जनशक्तिको सङ्ख्या निर्धारण गरी नपुग भएमा दरबन्दी सिर्जनाको लागि आवश्यक कार्यवाही चलाई नेपाल सरकारको स्वीकृतीको लागि पेश गर्ने।<br>• नेपाल सरकारको निर्णय बमोजिम स्वीकृत दरबन्दीहरू निजामती कितावखानामा दर्ता गराउने व्यवस्था गर्ने।<br>• रिक्त रहेको पदपूर्तिका लागि सम्बन्धित निकायमा माग गर्ने वा पदपूर्तिको लागि विज्ञापन प्रकाशित गरी नियमानुसार छनौट भई आएको कर्मचारीलाई नियुक्ति, बढुवा तथा पदस्थापना गर्ने कारवाही चलाई स्वीकृत भए बमोजिम गर्ने। |

रुद्रसिंह तामाङ
सहसचिव

सरिता दवाडी
सचिव

ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय
नेपाल सरकार
२०७८

| | |
|---|---|
| | • कर्मचारीको नयाँ भर्ना वा बढुवा भई वा सरुवा भई आएमा विभागको कामको जानकारी गराउने र प्रत्येक कर्मचारीलाई स्वीकृत पद विवरण दिइ निस्सा लिने, लिन लगाउने।<br>• आवश्यकता अनुसार पदहरूको पद संकेत कायम गर्ने कार्यवाही चलाउने र सम्बन्धित निकायबाट स्वीकृति प्राप्त भएपछि सम्बन्धित निकायसँग सम्पर्क राखी समूह निर्धारण सूचिहरू राजपत्रमा प्रकाशित गर्ने व्यवस्था मिलाउने।<br>• विभागका राजपत्रांकित तथा राजपत्र अनंकित सम्पूर्ण कर्मचारीको व्यक्तिगत विवरण तथा दरबन्दी अभिलेख अद्यावधिक राख्ने।<br>• कर्मचारी सरुवा भै अन्यत्र गएमा व्यक्तिगत फायल सम्बन्धित कार्यालयमा पठाउने व्यवस्था गर्ने।<br>• महाशाखा तथा शाखाहरूमा आवश्यकताअनुसार प्रशासन सहायक, कम्प्युटर अपरेटर, टाइपिष्ट, कार्यालय सहयोगी, पाले र ड्राइभर आदिको व्यवस्था मिलाउने।<br>• स्वदेशी तथा विदेशी अध्ययन/तालीमका लागि मनोनयन गर्ने।<br>• जलविद्युत आयोजनाका लागि आवश्यक जग्गा प्राप्ति तथा रुख कटानीका लागि सिफारिस गर्ने।<br>• अनुमति प्राप्त गरेका आयोजनामा विदेशी दक्ष श्रमिक ल्याउन गैर पर्यटक भिसा र श्रम स्वीकृतिको सिफारिस गर्ने।<br>• कार्यालयको लागि आवश्यक मसलन्दको समुचित र किफायतपूर्ण व्यवस्था मिलाउने।<br>• कार्यालय भवन निरीक्षण, पालो पहरा, सरसफाइ सम्बन्धमा उपयुक्त व्यवस्था गराउने।<br>• कार्यालयको फर्निचर, धारा, विजुली पानीको आवश्यक मर्मत संभार गराइ संचालन स्थितिमा राख्ने व्यवस्था गर्ने/गराउने।<br>• जनसम्पर्क, सोधपुछ, दर्ता चलानी आदिको समुचित व्यवस्थाको लागि निर्देशन दिने।<br>• दैनिक कार्य संचालन गर्न आवश्यक सामग्रीहरूको मागहरू स्वीकृत गर्ने, मालसामान स्टकमा राख्ने व्यवस्था मिलाउने तथा जिन्सी सामग्रीहरूको अद्यावधिक लगत तयार राख्न लगाउने।<br>• कार्यलयका कर्मचारीहरूको हाजिर, विदा, गयल आदिको अभिलेख अध्यावधिक राख्न लगाउने।<br>• अधिनस्थ कार्यको कार्य प्रगति प्रतिवेदन तयार गरी गराइ सुपरिवेक्षकमा पेश गर्ने।<br>• आवश्यकता अनुसार सम्बन्धित विषयमा हुने सभा गोष्ठी तथा सेमिनारमा भाग लिने। |

रुद्रसिंह तामाङ
सहसचिव

सरिता दवाडी
सचिव

नेपाल सरकार
जलस्रोत तथा सिंचाइ मन्त्रालय
२०७४

- अधिनस्थ कर्मचारीको काममा मार्ग दर्शक बनी कर्मचारीहरूलाई सुपरिवेक्षण आवश्यकता अनुसार निर्देशन र नियन्त्रण समेत गर्ने।
- प्रत्योजित अधिकार बमोजिम अधिनस्थ कर्मचारीहरूको कार्य सम्पादन मूल्याङ्कन तयार गर्ने र प्रोत्साही पुरस्कार, ग्रेड थप, सरुवा, बढुवा, तथा अन्य आवश्यक कारवाही गर्ने वा गर्न सिफारिस सहित सुपरिवेक्षकमा पेश गर्ने।
- अधिनस्थ कर्मचारीको विदा सिफारिस गर्ने वा प्रत्यायोजित अधिकार बमोजिम अधिनस्थ कमर्चारीको विदा स्वीकृत गर्ने।

ख) अन्य कार्य

- तालुक निकाय/सरोकारवाला निकायबाट प्राप्त हुन आएका परिपत्र, निर्णय, आदेश एवम् निर्देशनको पालना गर्ने/गराउने।
- विद्युत्को सर्वेक्षण, उत्पादन, प्रशारण तथा वितरणसँग सम्बन्धित निजी क्षेत्रका प्रवर्द्धक कम्पनी र विदेशी लगानी रहेका जलविद्युत् आयोजनाहरूमा काम गर्न आउने विदेशी प्राविधिक दक्ष जनशक्तिहरूका लागि कार्यसहमति, श्रम स्वीकृति, गैर पर्यटकीय भिसा सिफारिस माग भई आउने पत्र/निवेदन उपर कानूनी व्यवस्थाअनुसार फाइल उठान गरी ऊर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालयमार्फत सम्बन्धित निकायहरूमा सिफारिसका लागि महानिर्देशक समक्ष पेश गर्ने।
- प्रवर्द्धक कम्पनी (विदेशी लगानी रहेका कम्पनी समेत) बाट माग भई आए बमोजिम जलविद्युत् आयोजनाहरूको संरचना निर्माण गर्न आवश्यक वन क्षेत्रको जग्गा लिजमा उपलव्ध गराउन एवम् रुख कटानको स्वीकृति, निजी जग्गा अधिग्रहण र हदवन्दी भन्दा बढी जग्गा छुटको लागि कानूनी व्यवस्थाअनुसार फाइल उठान गरी ऊर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय मार्फत सम्बन्धित निकायहरूमा सिफारिस गरी पठाउनका लागि श्रीमान् महानिर्देशकज्यू समक्ष फाइल पेश गर्ने।
- प्राप्त हुंन आएको पत्र/निवेदनको कारवाही अघि बढाउनु अघि आवश्यक कागजातहरू संलग्न भए नभएको चेक जाँच गरी आवश्यक कागजात नपुग भएमा यथाशिघ्र मौखिक एवम् लिखित पत्राचार गरी आवश्यक विवरण माग गर्ने।
- विद्युतीय शासन सम्बन्धी नीति, कानून, योजना कार्यक्रम तथा प्रणालीको विकास र प्रवर्द्धन एवम् समन्वय सम्बन्धी कार्य गर्ने।
- वेव साइट व्यवस्थापन र आवश्यकता अनुसार विभागमा सम्पन्न गर्नुपर्ने नयाँ प्रविधिसँग सम्बन्धित अन्य कार्य गर्ने।

रुद्रसिंह तामाङ
सहसचिव

सरिता दवाडी
सचिव

| | |
|---|---|
| | • महानिर्देशकबाट तोक आदेश एवम् निर्देशन भए बमोजिम प्रशासन शाखाबाट सम्पादन गर्नु पर्ने अन्य कार्यहरू गर्ने/गराउने। |
| ६. आर्थिक प्रशासन शाखा | • विभागको आर्थिक प्रशासन सम्बन्धी दैनिक कार्यहरू गर्ने।<br>• विभागको आर्थिक कारोवारको सम्बन्धमा कार्यालय प्रमुखलाई राय दिने।<br>• विभागका लागि विनियोजित बजेट तथा कार्यक्रम अनुसार प्रचलित कानूनको अधिनमा रही भुक्तानी निकासा माग गर्ने व्यवस्था मिलाउने।<br>• निकासा भएको रकमको खर्चको हिसाब रितपूर्वक राख्ने, खर्चको फाँटवारी तथा आर्थिक विवरण तयार गर्ने र त्यस्तो फाँटवारी तथा आर्थिक विवरण कार्यालय प्रमुख वा तोकिए पदाधिकारीबाट प्रमाणित गराई समयमै सम्बन्धित निकायमा पठाउने।<br>• विद्युत् सम्बन्धी दस्तुरलाई धरौटी खातामा जम्मा गर्ने व्यवस्था मिलाउने, नियमानुसार फिर्ता गर्ने, निर्णयानुसार सदरस्याहा गर्ने, धरौटी रकमको हिसाव अद्यावधिक राख्ने र सो सम्बन्धमा राय दिने।<br>• विभागको विकास वजेटको तर्जुमा गर्न सहयोग पुऱ्याउने र विभागको साधारण बजेट तोकिएको ढाँचामा तयार गर्ने/गराउने।<br>• रकमान्तर, स्रोतान्तर र बजेट समर्पणको कार्यमा सहयोग गर्ने/गराउने।<br>• विभागको निर्णयानुसार सम्बन्धित पक्षलाई पेश्की दिने नियमानुसार तोकिएको अवधिमा पेश्की फछ्र्यौट गर्ने/गराउने।<br>• विभागका कर्मचारीहरूलाई नियमानुसार तलव, भत्ता, औषधी उपचार खर्च, संचित विदाबापतको रकम र उपदान लगायतका रकम उपलब्ध गराउने व्यवस्था मिलाउने।<br>• विभागका कर्मचारीहरूको कर्मचारी संचय कोष, नागरीक लगानी कोष, सापटी कट्टी र कर कट्टी रकम नियमानुसार दाखिला गर्ने/गराउने र ETDS सम्बन्धी कार्य गर्ने।<br>• विभागको आर्थिक तथा भौतिक कार्य र सम्पूर्ण आन्तरिक लेखा परीक्षण र अन्तिम लेखा परीक्षण गराउने र सोको प्रतिक्रिया दिने।<br>• लेखा परीक्षणबाट कायम हुन आएको बेरुजुको लगत राख्ने, बेरुजु फछ्र्यौट गर्ने/गराउने र नियमित गर्नुपर्ने विषयमा आवश्यक कागजात विवरण संलग्न गरी कार्यालय प्रमुख समक्ष पेश गर्ने।<br>• कोष तथा लेखा नियन्त्रक कार्यालयको विनियोजन, धरौटी, विविध र राजश्व खातामा विभागबाट हुने कारोवारको हिसाव मिलान गर्ने र गराउने।<br>• वैदेशिक ऋण तथा अनुदानको सोधभर्ना माग गर्नु पर्ने भएमा विवरण निर्धारित समय भित्रै तयार गरी सम्बन्धित निकायमा पठाउने। |

सिंह तामाङ
सहसचिव

सरिता दवाडी
सचिव

नेपाल सरकार
ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय
२०७४

| | |
|---|---|
| | • वैदेशिक ऋण तथा अनुदान निकासा फुकुवा गर्नु पर्ने भएमा फुकुवाको कारवाही सम्बन्धित निकायबाट गर्ने/गराउने।<br>• विभाग तथा अन्य निकायमा पठाउनु पर्ने पाक्षिक, मासिक, वार्षिक आदि आर्थिक प्रशासन विषयका प्रतिवेदनहरू तोकिएको समयमा पठाउने र मातहत निकायलाई पनि सोही अनुसार गर्न लगाउने।<br>• शाखाको भौतिक र इलेक्ट्रोनिक साधनको स्याहार संभार, मर्मत तथा संरक्षण गर्ने व्यवस्था मिलाउने।<br>• आर्थिक प्रशासन सम्बन्धी ऐन, नियम, आदेश तथा परिपत्रहरू सबै कर्मचारीहरूलाई जानकारी गराउने।<br>• तोकिएका अन्य कार्य गर्ने। |
| ७. कानून शाखा | • प्रचलित ऐन कानून बमोजिम समयमा नै आवश्यक कानूनी राय उपलब्ध गराउने।<br>• कानूनको म्याद भित्र लिखित जवाफ, प्रतिउत्तर र निवेदन तयार गरी महानिर्देशक ज्यू समक्ष पेश गर्ने र निर्णय भए बमोजिम सम्बन्धित निकायमा म्याद भित्रै पठाउने।<br>• विद्युत विकास विभागसँग सम्बन्धित मुद्दाको विषयमा अदालत, महान्यायधिवक्ताको कार्यालय तथा अन्य निकायसँग पत्राचार गर्ने।<br>• अदालत तथा अन्य न्यायीक निकाय बाट भएका फैसला तथा आदेश हरूको समयमै कार्यन्वयनको लागि महानिर्देशकज्यू लाई सहयोग गर्ने।<br>• कानून तथा महानिर्देशकज्यू बाट तोकिएका विभिन्न समितिमा रहि भूमिका निर्वाह गर्ने।<br>• विभागलाई आवश्यक पर्ने अन्य कानूनी विषयमा सहयोग गर्ने। |

रुद्रसिंह तामाङ
सहसचिव

सरिता दवाडी
सचिव